annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ४२, पृष्ठ ८ | काठमाडौं, बिहीबार २८ जेठ २०८३ | ज्येष्ठ कृष्णपक्ष एकादशी, नेपाल संवत् ११४६ | THURSDAY, JUNE 11, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# संकटमा सांस्कृतिक सम्पदा, हराउँदै मौलिकता

विश्वमै जीवित सांस्कृतिक संग्रहालयका रूपमा चिनिन्छ- काठमाडौं उपत्यका। जहाँ मन्दिर, चैत्य, विहार, दरबार, पाटीपौवा र ऐतिहासिक बस्तीले संस्कृति र इतिहासलाई जीवन्त बनाएका छन्। तर, यी नै ऐतिहासिक सम्पदा र धरोहर संरक्षणको अभाव तथा अव्यवस्थित पुनर्निर्माणका कारण संकटमा पर्दै गएका छन्। तीनै तहका सरकार र सरकारी निकायबीच समन्वयको अभावमा कैयौं सम्पदा नासिँदै र मासिँदै गएका छन्।

**सुरेन्द्र काफ्ले/नितु घले** | *काठमाडौं*

समाचार पृष्ठ २



अभिषेक महर्जन

## पत्रकार आन्दोलनलाई नागरिक तहमा लैजाने गृहकार्य




**काठमाडौंमा बुधबार भएको प्रदर्शनमा सहभागी महासंघ अध्यक्ष निर्मला शर्मालगायत।**

**अन्नपूर्ण** | *काठमाडौं*

सूचना र विज्ञापनसम्बन्धी विभेदकारी एवं स्वेच्छाचारी सरकारी निर्णय खारेजीको माग गर्दै नेपाल पत्रकार महासंघ देशव्यापी आन्दोलनमा छ। बुधबारमात्रै देशैभरका शाखाले जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिएका छन्।

महासंघले पहिलो चरणको देशव्यापी आन्दोलनसँगै सरकारसँग संवाद पनि जारी राखेको छ। तर, सरकारको प्रतिक्रिया सुखद छैन। व्यावसायिक सञ्चार माध्यमलाई हेर्ने सरकारको दृष्टिकोण सकारात्मक नपाएपछि महासंघले आन्दोलनको दायरा विस्तार गर्ने गृहकार्य गरेको छ।

सरकारको कदम पत्रकारिता क्षेत्रको मात्र नभई समग्र लोकतन्त्र र नागरिक स्वतन्त्रता विरोधी भएको महासंघको निष्कर्ष छ। विरोधलाई थप सशक्त र परिणाममुखी बनाउन विभिन्न पेसागत संघसंस्था, नागरिक समाज र सरोकारवाला निकायहरूसँग आन्दोलनको थप मोडालिटीबारे छलफल सुरु गरेको अध्यक्ष निर्मला शर्मा बताउँछिन्। 'प्रेस स्वतन्त्र पत्रकारितासँग मात्र सम्बन्धित छैन। आम नागरिकको अधिकार र मानवअधिकारसँग जोडिएको छ,' उनले अन्नपूर्णसँग भनिन्, 'यो मुद्दा पत्रकारको मात्र नभई आम नागरिकको आन्दोलन भएकाले देशैभरका अध्यक्षहरूको भेला गरेर थप सशक्त आन्दोलनको तयारी गरेका छौं।' उनले असोजमा हुने भनिएको साधारणसभासमेत आन्दोलनकै रूपमा जान सक्ने बताइन्। महासंघका महासचिव रामप्रसाद दाहाल पनि सरकारले अहिलेसम्म महासंघको मागलाई सम्बोधन गर्ने कुनै मनसाय नदेखाएको बताउँछन्।

> विभिन्न पेसागत संघसंस्था, नागरिक समाज र सरोकारवाला निकायहरूसँग आन्दोलनको थप मोडालिटीबारे छलफल सुरु गरेका छौं।
>
> **निर्मला शर्मा**, अध्यक्ष
> नेपाल पत्रकार महासंघ

'अझै पनि आन्दोलनको दबाब नपुगेको जस्तो देखिन्छ,' असार ५ गते काठमाडौंमा बृहत् ऐक्यबद्धता र्‍याली गर्ने तयारी भइरहेको बताउँदै उनी भन्छन्, 'यदि सरकार यसैगरी मूकदर्शक बनिरह्यो भने आन्दोलनलाई थप उचाइमा पुर्‍याउन दायरा फराकिलो बनाउँछौं। पत्रकार र सरोकारवालाहरू काठमाडौं उत्रिएर सिंहदरवारलाई दबाब दिन्छौं।' प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गत २०८२ चैत १८ गते जारी भएको सरकारी विज्ञापन र सूचनाबाट निजी सञ्चारमाध्यमलाई वञ्चित गर्ने परिपत्रले ठूला तथा साना स्वरोजगारका मिडिया प्रभावित भएका छन्।

» बाँकी पृष्ठ ६

## परराष्ट्रमन्त्रीले करेक्सन गरे प्रधानमन्त्रीको सीमा विवाद अभिव्यक्ति

### विपक्षी दलले भने- 'दुर्भाग्यपूर्ण'

**सुरेन्द्र काफ्ले/राधा खनाल** | *काठमाडौं*

संसद्मा प्रतिनिधित्व गर्ने प्रतिपक्षी दलहरूले प्रधानमन्त्रीको तर्फबाट परराष्ट्रमन्त्रीले दिएको स्पष्टीकरणलाई अस्वीकार गरेका छन्।

बुधबारको प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल-भारत सीमा विवाद र प्रधानमन्त्रीको पूर्वअभिव्यक्तिका सम्बन्धमा जवाफ दिएका थिए। गत जेठ १७ गते संसद् बैठकमा अचानक उपस्थित भई प्रधानमन्त्री शाहले 'नेपालले भारतको पनि सीमा मिचेको' भनी दिएको अभिव्यक्तिको चौतर्फी विरोध हुँदै आएको छ।

सोही विषयलाई लिएर प्रतिपक्षले लगातार संसद् अवरुद्ध गर्दै आएकोमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको पहलमा



दुईपटक सर्वदलीय बैठक बसी संसद् सुचारु गर्ने सहमति भएको थियो। सोही सहमतिअनुसार मंगलबार प्रतिपक्षी दलहरू सदन सञ्चालन गर्न तयार भएपछि बुधबार परराष्ट्रमन्त्री खनालले सरकारको तर्फबाट धारणा राखेका हुन्।

परराष्ट्रमन्त्री खनालले नेपाल र भारतबीचको सीमा विवाद कूटनीतिक माध्यमबाट समाधान गरिने प्रतिबद्धता जनाए। प्रधानमन्त्री शाहको यसअघिको अभिव्यक्ति 'क्रस बोर्डर अकुपेन्सी' सँग सम्बन्धित रहेको दाबी गर्दै उनले यसमा तेस्रो पक्षको भूमिका खोजिएको भन्ने आशय नरहेको स्पष्टीकरण दिए। नेपाल र भारतबीच सीमा, सुरक्षा, व्यापारलगायतका क्षेत्रमा काम गर्ने दर्जनौं द्विपक्षीय संयन्त्रहरू रहेको उल्लेख गर्दै मन्त्री खनालले केही समयदेखि निष्क्रिय रहेका ती संयन्त्रहरू अब पुन: सक्रिय हुने क्रममा रहेको र निकट भविष्यमै तिनको बैठक बस्न लागेको जानकारी दिए।

नेपाल-भारत सीमाको अधिकांश क्षेत्रमा नक्सांकन सम्पन्न भइसकेको भए पनि सुस्ता र लिपुलेक क्षेत्रमा मात्रै काम बाँकी रहेको र प्राविधिक संयन्त्रबाट विस्तृत विवरण प्राप्त भएपछि सार्वजनिक गरिने उनले बताए।

लिपुलेक, लिम्पियाधुरा र कालापानीका विषयमा परराष्ट्र मन्त्रालयले यसअघि नै नेपालको आधिकारिक धारणा सार्वजनिक गरिसकेको स्मरण गराउँदै मन्त्री खनालले कूटनीतिक माध्यमबाट आवश्यक पत्राचारसमेत भइसकेको बताए।

» बाँकी पृष्ठ ६

## भित्रिँदै मनसुन

**नितु घले** | *काठमाडौं*

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन केही दिनमा नेपाल भित्रिने अनुमान गरेको छ। केही दिनमा मनसुन भित्रिएन भने प्रणाली अलि पछि धकेलिने विभागले जनाएको छ। नेपालमा सामान्यत: जुन १३ मा मनसुन भित्रिने गर्छ। नियमित तालिका अनुसार हुने हो भने आगामी शनिबार नै नेपालमा मनसुन भित्रिने दिन हो। विभागकी प्रवक्ता विभूति पोखरेलका अनुसार यस वर्षको मनसुन नेपाल भित्रिने तरखरमा छ। मनसुन भित्रिएपछि एक सातामा यो देशैभरि फैलिने गर्छ।

विभागले सामान्यत: मनसुन भित्रिएपछि मात्रै औपचारिक घोषणा गर्दै आएको छ। यतिबेला पनि मनसुनी प्रणालीको अनुगमन भइरहेको र अबको एक-दुई दिनमा नयाँ अपडेट दिइने प्रवक्ता पोखरेलले जानकारी दिइन्। मनसुन भित्रिनका लागि वायुमण्डलीय अवस्था उपयुक्त देखिएको भए पनि अझै केही दिन पर्खनुपर्ने उनको भनाइ छ। 'दुई-तीन दिन मनसुन सक्रिय भएर फेरि निष्क्रिय हुने जस्तो देखिएको छ। त्यसैले हामी मनसुन भित्रिएको घोषणा गर्न मिल्छ कि मिल्दैन भनेर हेर्दैछौं,' पोखरेलले भनिन्, 'यो समय मिस भयो भने मनसुन अलि पछि धकेलिन्छ।'

» बाँकी पृष्ठ ६

## फुटबल महाकुम्भको भव्य सुरुवात तयारी

### साकिरादेखि नोरा फतेहीसम्मको प्रस्तुति

**विष्णु थापा** | *काठमाडौं*

विश्व फुटबलको महाकुम्भ मानिने फिफा विश्वकप फुटबलको २३औं संस्करण नेपाली समयअनुसार शुक्रबार बिहानदेखि सुरु हुँदैछ। विश्वकप इतिहासमै पहिलोपटक तीन देशको १६ सहरमा आयोजना हुन लागेको प्रतियोगितामा साबिक विजेता अर्जेन्टिनासहित ४८ राष्ट्रको सहभागिता छ।

करिब एक महिना चल्ने विश्वकपमा सहभागी ४८ टोलीलाई १२ समूहमा विभाजन गरिएको छ। छनोट चरणको यात्रा पार गरेर युरोपका १६, एसियाका ९, अफ्रिकाका १०, तीन आयोजक देशसहित उत्तरी अमेरिका, क्यारेबियन र मध्यअमेरिकाका ६, दक्षिण अमेरिकाका ६ र ओसियानाका एक गरी ४८ देशले विश्वकपको २३औं सस्करण खेल्दै छन्।

विश्वकपको उद्घाटन समारोह तीनवटै आयोजक राष्ट्र अमेरिका, क्यानडा र मेक्सिकोमा हुनेछ। जहाँ विश्व चर्चित सेलेब्रेटी क्याटी पेरीदेखि नोरा फतेहीसम्मले प्रस्तुति दिनेछन्। उत्तर अमेरिकाका तीन राष्ट्रमा पहिलोपटक हुन लागेको विश्वकपमा फुटबल, संगीत र मनोरञ्जनलाई एकसाथ जोडिने जनाइएको छ। फिफा विश्वकपको



इतिहासमै पहिलोपटक तीन फरक राष्ट्रमा उद्घाटन समारोह आयोजना गर्न लागिएको हो।

बिहीबार राति मोक्सिकोस्थित मेक्सिको सिटीमा विश्वकपको उद्घाटन हुनेछ। विश्वकपको पहिलो खेलमा आयोजक मेक्सिको र दक्षिण अफ्रिका आमनेसामने हुन लागेकाले पनि मेक्सिको सिटीमा उद्घाटन गर्न लागिएको हो। विश्वकपको उद्घाटन हेर्न संसारभरका फुटबलप्रेमी मेक्सिको सिटी पुग्न थालेका छन्। मेक्सिको र दक्षिण अफ्रिकाबीचको उद्घाटन खेलअघि विभिन्न चर्चित तथा स्थानीय कलाकारले आफ्नो प्रस्तुति दिनेछन्। आयोजक राष्ट्रको प्रतिनिधित्व गर्दै अलेक्जान्द्रो फर्नान्डिजले मेक्सिकोको राष्ट्रिय गान गाउनेछन् भने टाइलाले दक्षिण अफ्रिकाको राष्ट्रगान गाउनेछिन्।

उद्घाटन समारोहमा फिफा विश्वकप २०२६ की विशेषदूत सलमा हायेक पिनाउल्टले समर्थकहरूलाई स्वागत गर्नेछिन्। उनले विश्व फुटबलको यो मञ्चमा फुटबलको एकताको सन्देश प्रवाह गर्नेछिन्। त्यसपछि रयान कास्त्रो र जे बाल्विनले आफ्नो सांगीतिक प्रस्तुति पस्किने छन्। उनीहरूसँगै साकिरा, जो बेलिन्डा, बनाए राय, ड्यानी ओसन, लिला डाउन्स, लस एञ्जल्स, अजुरेस, मानालगायतले मेक्सिको सिटी रंगशालामा धुम मच्चाउने छन्। मेक्सिको सिटीको उद्घाटन समारोहमा फुटबल, संगीत र सांस्कृतिक उत्सवको जोजोल्यमान हुने विश्वास गरिएको छ।

यस्तै शुक्रबार बिहान अमेरिकाको लस एन्जलसमा उद्घाटन समारोह हुनेछ। जहाँ क्याटी पेरी, फुचुरे, अनित्ता, लिसा, रेमा र टाइलाले प्रस्तुति दिनेछन्। ९० मिनेटको उद्घाटन समारोहले विश्वकपको असाधारण स्तरलाई प्रदर्शन गर्ने फिफाले जनाएको छ।

» बाँकी पृष्ठ ६